बैठक नं. २८

आज मिति २०८० जेठ ५ गते, शुक्रबार दिनको १:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. नि.प्र.प्रशासकीय अधिकृत श्री राम गोविन्द श्रेष्ठ

**विषयहरु :**

१. 'जनप्रतिनिधि बहाल भएको एक वर्ष' कार्यक्रम बारे ।

२. विविध ।

**निर्णयहरु :-**

१. भक्तपुर नगरपालिकामा 'जनप्रतिनिधि बहाल भएको एक वर्ष' कार्यक्रममा प्रस्तुत गरिने एक वर्ष अवधिमा सम्पन्न गरेका मुख्य मुख्य कार्य प्रगति विवरण कार्यपालिका बैठकबाट स्वीकृत गरियो ।

२. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :-

क. भक्तपुर नगरपालिका नगर शिक्षा समितिको मिति २०८० बैशाख १३ गते बसेको बैठकको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

१. यस नगरपालिका क्षेत्रमा संचालित सम्पूर्ण विद्यालयहरुमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न, शिक्षकहरुलाई प्रोत्साहित एवम् उत्प्रेरित तथा प्राविधिक सहयोग गर्न नगर शिक्षा समितिका सदस्य तथा नगर स्तरीय परीक्षा समिति अध्यक्ष एवम् भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेंको संयोजकत्वमा तपसिल बमोजिमको एक विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समिति गठन गर्ने निर्णय गरियो :

**विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समिति**

संयोजक : योगेन्द्रमान बिजुक्छें (नगर शिक्षा समिति सदस्य, नगर स्तरीय परीक्षा समिति अध्यक्ष, वडा अध्यक्ष भ.न.पा. ५

सदस्य : ज्ञान सागर प्रजापति

सदस्य : राजेन्द्र प्रसाद श्रेष्ठ

सदस्य : देविना जोशी

सदस्य : रोशनराज तुईतुई

सदस्य सचिव : शाखा प्रमुख, नगर शिक्षा शाखा, भ.न.पा.